**अविलम्ब प्रेपणका लागि**

# विश्व बैंक

## नेपालका लागि विश्व बैंकको सहायता रणनीतिको आधार नै सुधार

*कार्यकारी निर्देशकहरुको बैठकद्वारा गरिबी निवारण ऋण-सहायता कार्यक्रम अन्तर्गत गरिबी निवारण सम्बन्धि योजनाहरुको कार्यान्वयनका लागि ७ करोड अमेरिकी डलर अनुमोदन*

**वाशिङ्गटन डी.सी., मंसिर २, २०६० ।** नेपालले आफ्नै आन्तरिक प्रयासबाट तयार पारेको विकास योजना अनुसारको गरिबी घटाउने महत्वाकांक्षी कार्यक्रमलाई विश्व बैंकले समर्थन जनाएको छ । नेपालका लागि बैंकको प्रस्तावित नयाँ सहायता रणनीतिका सम्बन्धमा बैंकका कार्यकारी निर्देशकहरुको आज यहाँ बसेको बैठकले गरिबी निवारण ऋण-सहायता कार्यक्रम अन्तर्गत गरिबी निवारण रणनीतिको कार्यान्वयनका लागि बैंकले नेपाललाई पहिलो चरणमा यसै आर्थिक बर्ष उपयोग गर्ने गरी ७ करोड अमेरिकी डलर सहयोग प्रदान गर्न सहमती जनाएको छ ।

नेपालको दशौं योजनामा निहित गरिबी निवारण रणनीतिक कार्यक्रममा आगामी आ.व. सन् २००७ को अन्त्यसम्ममा सम्ममा गरिबीको अनुपातलाई ४० बाट ३० प्रतिशतमा ओराल्ने मुख्य: लक्ष्य लिइएको छ । नेपालको दसौं पञ्च वर्षिय योजनाको अभिन्न अङ्गको रुपमा रहेको यस रणनीतिमा सामाजिक समावेसिकरणलाई विकासको महत्वपुर्ण चुनौतीका रुपमा लिइएको हुँदा यो रणनीति यसभन्दा पहिलेका योजनाहरु भन्दा नितान्त भिन्न छ । यसले देशको कठिन वित्तीय अवस्था तथा फितलो कार्यान्वयन क्षमतालाई खुल्ला रुपमा आत्मसात गर्दै कार्यान्वयन गर्न सकिने

संभाव्य लक्ष्यहरुमा केन्द्रीत मध्यम अवधिको खर्चको संरचना एवं तात्कालीक कार्य योजना मार्फत विकास अवरोधहरुलाई हटाउने ब्यावहारिक अवधारणा प्रस्तावित गरेको छ । गरिबी निवारण रणनीतिका (क) व्यापक आधारको आर्थिक वृद्धि; (ख) समाजिक क्षेत्रको विकास; (ग) सामाजिक समावेशीकरण; र (घ) असल शासन जस्ता चारवटा आधारस्तम्भहरु रहेका छन् र ती विकेन्द्रीकरणमा विशेष जोड, सरकारका केन्द्रीय निकायका कार्यहरुको तार्किक समायोजन तथा पारदर्शीताको जगमाथि उठेका छन् ।

विश्व बैंकको नयाँ सहायता रणनीति अघिल्लो सहायता रणनीति- सन् १९९८ का उपलब्धिहरुमा आधारित छ, जसले थप सुधारका प्रतिबद्ध प्रयासहरुको थालनी गर्न  सघाउनेछ । नयाँ सहायता रणनीति नेपालीकै नेतृत्वमा सञ्चालन हुने व्यापक तथा गहन सुधार कार्यक्रमलाई टेवा प्रदान गर्न अघि सरेको छ ।

राजनैतिक द्वन्द्वसंग गाँसिएको अस्थिरता तथा अनिश्चय र हिंसात्मक विद्रोहका बावजुद पनि नेपालमा खासगरी बिगत दुई वर्ष यता नवीन तथा महत्वपुर्ण सुधारहरु भइरहेका छन् । यस सुधार प्रक्रियाले गति लिन थालेको कुरा केही ठोस उदाहरणहरुबाट प्रस्तुत हुन्छन्:

- संभावित वित्तीय संकटलाई टार्न दुइवटा रुग्ण वाणिज्य बैंकहरुलाई बाह्य व्यवस्थापन समुहलाई सञ्चालनको जिम्मेवारी दिएर सुधारका दिशामा महत्वपुर्ण थालनी गरिएको ।
- मध्यम अवधिको खर्चको संरचना (म.अ.ख.सं.) प्रादुर्भाव गरेर विकास बजेटको तार्किक समायोजनका साथै अलचिलो बजेटका कारणबाट उत्पन्न समस्याहरुका बीचमा काम गर्ने अनुशासन कायम भएको ।
- सार्वजनिक सेवाको प्रक्रियामा सुधार ल्याउनु पर्ने आवश्यकतालाई ध्यानमा राखी प्राथमिक शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवालाई सामुदायिक व्यवस्थापन अन्तर्गत सञ्चालन गर्ने गरी सुम्पिएको ।

- प्राथमिकताप्राप्त सुधार कार्यक्रमहरुको कार्यान्वयनमा सुनिश्चितता ल्याउन तात्कालीक कार्य योजना (ता.का.यो.) अत्याधिक प्रभावकारी प्रमाणित भएको; र
- अख्तियार दुरुपपयोग अनुसन्धान आयोग (अ.दु.अ.आ.) ले भ्रष्टाचारविरुद्ध प्रभावकारी अभियान थालेको ।

विश्व बैंकले एकातिर यस्ता सुधारका विभिन्न आयामहरुमा प्रोत्साहन तथा टेवा पुऱ्याइरहेको छ भने अर्कोतिर बैंकको नयाँ सहायता रणनीतिले गरिबी निवारण कार्यक्रमका चारवटै आधारस्तम्भका मुलभूत तत्वहरुलाई समेटेको छ । प्रस्तावित सहायता रणनीतिले आफ्ना लक्ष्यहरुको स्पष्ट किटान गर्दै आ.व. सन् २००४ - आ.व. सन् २००७ को सहयोग तथा सहायता अवधिमा २६ वटा निर्दिष्ट प्रतिफलहरु हासिल गर्ने लक्ष्य लिएको छ ।

*'विश्व बैंकका कार्यकारी निर्देशकहरु नेपालको गरिबी निवारण कार्यक्रमप्रति अत्यन्त सकारात्मक हुनाका साथै उहाँहरु अहिलेसम्म कार्यान्वयन भएका सुधारहरुबाट प्राप्त उपलब्धिहरुबाट उत्साहित हुनुहुन्छ,'* **नेपालका लागि विश्व बैंकका निर्देशक श्री केन ओहाशी**को भनाई छ । *'यसको मतलव यो होइन कि नेपालको विकासमा सहकार्य गर्ने मित्रहरुले मुलुकमा विद्यमान खतरापूर्ण यथार्थलाई वेवास्ता गर्न भने पक्कै खोजेका छैनन ।' उहाँ भन्नुहुन्छ- 'द्वन्द्वको शान्तिपूर्ण समाधान, प्रजातान्त्रिक संरचनाहरुको पुनर्स्थापना र मानव अधिकारको दह्रो सम्मान हुन नसके आर्थिक विकास र गरिवी निवारण रणनीतिको उद्देश्य प्राप्ति गर्न कठिन हुने कुरामा आजको हाम्रो छलफलमा जोड दिइयो ।'*

विश्व बैंकबाट प्रदान हुने वित्तीय सहयोगको प्रस्तावित कार्यक्रमबाट यस आर्थिक बर्षका लागि अनुमोदन भएको ७ करोड अमेरिकी डलर जति नै रकम प्रत्येक वर्ष गरिबी निवारण ऋण सहयोग कार्यक्रमलाई प्राप्त हुने र त्यसबाटै नेपालको आफ्नै गरिबी निवारण रणनीतिको कार्यान्वयन गर्नमा समेत सघाउ पुग्ने अपेक्षा गरिएको छ । यस अतिरिक्त प्रत्येक वर्ष शिक्षा, स्वास्थ्य, वित्तीय क्षेत्र सुधार तथा पूर्वाधार जस्ता मुख्यः क्षेत्रहरुमा प्रदान हुने

गरी औसतमा थप तीन परियोजनाहरुमा लगानी विस्तार गरिने छ । यो वित्तीय प्रवाहलाई खासगरी भावी सुधारका नीतिगत क्षेत्रहरुको प्राथमिकीकरण गर्न श्री ५ को सरकारलाई टेवा पुऱ्याउनका लागि सुदृढ विश्लेषणात्मक कार्यक्रमद्वारा बल प्रदान गरिनेछ । नेपालको आयस्तर न्युन भएकोले यसलाई अन्तर्राष्ट्रिय विकास संस्था (आई.डी.ए.) बाट सहयोगको केही अंश अनुदान-सहायताका रुपमा पनि लिन पाउने सुविधा प्राप्त छ । आई.डी.ए. बाट प्राप्त हुने अनुदान सहायतालाई स्वास्थ्य, शिक्षा वा ग्रामीण खानेपानी जस्ता सामाजिक क्षेत्रका परियोजनाहरुमा लगाउन सकिन्छ ।

बैंकको निजी क्षेत्रमा कार्यरत निकायका रुपमा रहेको अन्तर्राष्ट्रिय वित्त निगम (आई.एफ.सी.) ले दक्षिण एसियाली उद्यम विकास सुविधाकरण ( साउथ एसिया इन्टरप्राइज डिभेलपमेण्ट फेसिलिटी- एस.ई.डी.एफ.) मार्फत साना तथा मझौला उद्यमहरुलाई प्राविधिक सहायता उपलब्ध गराउने कार्यमा ध्यान केन्द्रीत गर्नेछ । यस्तै बहुपक्षीय लगानी सुरक्षण निगम (मल्टी-ल्याटरल इन्भेष्टमेण्ट ग्यारेण्टी एजेन्सी- एम्.आई.जी.ए.) ले नेपालमा प्रत्यक्ष लगानी भित्र्याउने कार्यमा निरन्तर रुपमा टेवा पुऱ्याउनेछ ।

गरिबी निवारण सहायता कार्यक्रम अन्तर्गत आज अनुमोदन गरिएको ७ करोड अमेरिकी डलरको पहिलो ऋण-सहयोग नेपालको गरिबी निवारण रणनीतिक कार्यक्रममा आधारित छ भने त्यसले उपयुक्त संरचना, सामाजिक तथा संगठित संस्थाहरुको विश्लेषणका आधारमा निर्मित नेपालका लागि बैंकको सहायता रणनीतिका उद्देश्यहरुसंग पनि तादम्य राख्दछ । बैंकले बिगत केही वर्ष यता गरेका लगानी वातावरण सम्बन्धी अध्ययन (१९९९), ब्यापार तथा प्रतिस्पर्धात्मकताको अध्ययन (२००३), सार्वजनिक खर्चको पुनरावलोकन (१९९९), नेपालको वित्तीय जवाफदेहीता सम्बन्धी संपरीक्षण (२००२), नेपालका लागि खरीद प्रक्रिया सम्बन्धी अध्ययन (२००२), गरिबी सम्बन्धी अध्ययन (१९९९) र जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण प्रतिवेदन ( २००१) सहितका विश्लेषणात्मक अध्ययन-अनुसन्धान कार्यहरुबाट प्राप्त परिणामहरु सहायता रणनीतिमा प्रतिबिम्वित भएको छ ।

यस सहायताबाट नेपालका सुधारकर्मीहरुलाई आर्थिक वृद्धि, सेवाको वितरणमा सुधार, सामाजिक समावेशीकरणको प्रवर्द्धन तथा शासनमा सुधार

ल्याउने गरी व्यापक किसिमका सुधार कार्यक्रमहरुको कार्यान्वयन गर्नमा टेवा पुऱ्याउने उद्देश्य राखिएको छ । यस सहायताले सन्तुलित बृहत् संरचना कायम राख्न र नेपालको वित्तीय कमीलाई पूरा गरी उच्च प्राथमिकताप्राप्त परियोजनाहरुलाई संरक्षण गर्नमा योगदान पुऱ्याउनेछ । ऋणको प्रभावकारीताका आधारमा एकमुष्ट वितरण हुने यो ऋण-सहायतालाई गरिबी निवारणको रणनीतिक कार्यक्रमको कार्यान्वयनमा सघाउ पुऱ्याउने बहुबर्षिय कार्यक्रमको प्रथम किस्ताका रुपमा लिइएको छ ।

*नेपालमा विश्व बैंकका कार्यक्रम तथा गतिविधिहरुका बारेमा थप जानकारीका लागि:*
*http://www.worldbank.org/np*
*http://www.biswabank.org/np*

*यस परियोजनाका बारेमा थप जानकारीका लागि:*
*http://www4.worldbank.org/sprojects/Project.asp?pid=P043311*